महोत्तरी जिल्ला अदालत जलेश्वर

# सूचीदर्तागर्नेसम्वन्धीसूचना

*सूचना प्रकाशन मितिः-२०७६।०३।०६*

आर्थिक वर्ष २०७६/०७७ को लागि महोत्तरी जिल्ला अदालत जलेश्वरलाई आवश्यक पर्ने निम्न वमोजिमका वस्तु तथा सेवाहरु आपुर्ति गर्ने प्रयोजनको लागि सम्वन्धित विषयमा कारोवार गर्न सेवाको विवरण खुलाई सूची दर्ताको लागि आवश्यक निवेदन सहित खामबन्दी गरी खामको बाहिरपट्टि सूची दर्ता गरिने विषय प्रष्ट रुपमा उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस अदालतमा दर्ता गराउन हुन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त हुन आएको सूची दर्ता सम्वन्धी निवेदनलाई कुनै कारण दिई वा नदिई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अदालतसँग सुरक्षित रहने छ। यस सम्वन्धमा थप जानकारी चाहिएमा अदालतमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

<u>सूची दर्ताको लागि निवेदनका साथ पेश गर्नु पर्ने कागजातहरु तथा शर्तहरुः-</u>

१.सूचीकृत हुन चाहने व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि-१
२.फर्म तथा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि-१
३.स्थायी लेखा नम्वर तथा मु.अ.क. दर्ता प्रमाण पत्रको प्रतिलिपि-१
४.आ.व.०७४/७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि-१

<u>सूची दर्ता गर्नु पर्ने विषयहरुः-</u>

१.मसलन्द आपुर्तिकर्ता।
२.छपाई सामाग्री आपुर्तिकर्ता।
३.कम्प्यूटर तथा यस सँग सम्वन्धित अन्य उपकरणहरु आपुर्ति तथा मर्मत संभार।
४.विविध नखप्ने सामानहरु (एक वर्ष भन्दा कम खप्ने)।
५.ईलेक्ट्रीकल तथा यस सँग सम्वन्धित उपकरणहरुको आपुर्ति तथा मर्मत संभार।
६.फर्निचर सम्वन्धी कुर्सी टेवल लगायतको आपुर्ति तथा मर्मत संभार।

**महोत्तरी जिल्ला अदालत**
**जलेश्वर महोत्तरी**
फोन नं. ०४४-५२०२६३
Email: info.dcmahottari@supremecourt.gov.np
webe site:http:/www.supremecourt.gov.np/court/mahottaridc